भानुभक्तका फुटकर रचनाहरु

भानुभक्त आचार्य

भानुभक्तका फुटकर रचनाहरू

(काव्य)

भानुभक्त आचार्य

साहित्यरस

साहित्यरस

www.sahityaras.com

यस ईपुस्तकमा समावेश भएका लेख तथा अन्य सामग्रीहरू "प्रतिलिपि अधिकार ऐन, २०५९" अनुसार नेपालमा प्रतिलिपि अधिकार मुक्त रहेको विश्वास गरिएको छ। उक्त सामाग्रीहरू नेपालमा रहेका जोसुकै व्यक्तिले बिना कसैको अनुमति निःशुल्क प्रयोग गर्न स्वतन्त्र छन्। नेपाल बाहेक अन्य देशका व्यक्तिले त्यस देशको प्रतिलिपि अधिकार कानुन जाँच गरी, प्रतिलिपि अधिकार मुक्त भए मात्र प्रयोग गर्नुपर्छ।

तल उल्लेखित सर्तहरू बाहेक अरू केही प्रतिबन्धहरू नराखी साहित्यरसद्वारा यो ईपुस्तक निःशुल्क रूपमा उपलब्ध गराएको छ। यो ईपुस्तक पुनः वितरण गर्न प्रेरित गरिन्छ।

सर्तहरू–

(१) यो ईपुस्तकमा रहेका लेख तथा सामग्रीहरू परिमार्जन गरि सहित्यरसकै नाममा पुनः वितरण गर्न नपाइने।

(२) यो ईपुस्तक हुबहु रुपमा व्यावसायिक उद्देश्यका निम्ति प्रयोग गर्न नपाइने।

यस ईपुस्तकका लेखको प्रथम प्रकाशित मिति : वि.सं. xxxx

ईपुस्तकको स्रोत

प्रकाशक : साझा प्रकाशन

संस्करण : चौथो २०६८

ISBN : 978-9937-32-044-3

About this ebook edition

Originally created as epub

Created : 2025-08-30, 21:18:54 UTC

Latest minor Correction : 2025-09-15, 04:27:28 UTC

Sahityaras ebook id : 20250830211854

Cover art

Painting of Bhanubhakta Acharya

Jwala Sama, 1950

Please visit www.sahityaras.com for latest corrected version of the ebook.

स्वयंसेवकद्वारा सञ्चालित यस सहित्यरस परियोजना तपाईं जस्ता पाठकहरूमा निर्भर छ। फेला परेका त्रुटि या अरू केही सुधार वा गुनासाहरू www.sahityaras.com मा पेश गर्नहुन अनुरोध छ।

विषयसूची

भानुभक्तका फुटकर रचनाहरू

फुटकर रचना

१

पाहाड्को अति बेस देश् तनहुँमा श्रीकृष्ण ब्राह्मण् थिया,
खुप् उच्चा कुल आर्यवंशि हुन गै सत्कर्ममा मन् दिया।
विद्यामा पनि जो धुरन्धर भई शिक्षा मलाई दिया,
तिन्को नाति म भानुभक्त भनि हुम् यो जानि चिह्नी लिया ॥

२

चपला अबलाहरु एक् सुरमा,
गुनकेसरिको फुल ली शिरमा।
हिंडन्या सखि लीकन ओरिपरी।
अमरावति कान्तिपुरी नगरी ॥

यति छन् भनि गन्नु काँहाँ धनि ञाँ,
खुसि छन् बहुतै मनमा दुनिञाँ,
जनकी यसरी सुखकी सगरी,
अलकापुरि कान्तिपुरी नगरी ॥

कहिँ भोट - र लण्डन - चीन - सरी,

कहिँ काल्-भरि गल्लि छ दिल्ली-सरी।
लखनौं - पटना - मदरास - सरी
अलकापुरि कान्तिपुरी नगरी ॥

तरबार कटार खुँडा खुकुरी,
पिसतोल र बन्दुक सम्म भिरी।
अतिशूर - र - वीर - भरी नगरी,
छ त कुन्- सरि कान्तिपुरी नगरी ॥

रिस राग कपट् छल छैन जाँहाँ,
तव धर्म कती छ कती छ याहाँ।
पशुका पति छन् रखबारि गरी,
शिवकी पुरि कान्तिपुरी नगरी ॥

३
यति दिन पछि मैले आज बालाजि देख्याँ,
पृथिवि तलभरीमा स्वर्ग हो जानि लेख्याँ।
वरिपरि लहरामा झूलि बस्न्या चरा छन्,
मधुर वचन बोली मन् लिंदा क्या सुरा छन्॥१॥

याँहाँ बसेर कविता यदि गर्न पाऊँ,
यस्देखि सोख अरु थोक म के चिताऊँ।
उस्माथि झन् असल सुन्दरि एक् नचाऊँ,
खैंचेर इन्द्रकन स्वर्ग यहीं बनाऊँ॥२॥

४

रोज् रोज् दर्शन पाउँछू चरणको ताप् छैन मन्मा कछू,
रात्भर् नाच् पनि हेर्छु खर्च नगरी ठूला चयन्मा म छु।
लाङ्खुट्ट्या उपियाँ उड्डूस् इ सँगि छन् इन्कै लहड्मा बसी।
लाङ्खुट्ट्याहरु गाउँछन् ति उपिञा नाच्छन् म हेर्छू बसी।

५

जागिर् छैन धनी म छैन घरको केवल् कुदालो खनी,
खान्थ्याँ दुक्ख गरेर चाकरि गऱ्याँ मान् पाउँला की भनी।
एक् मन् चित्त लगाइ चाकरि गऱ्याँ खूसी भया छन् हरि,
मान्माथी पनि भुक्तमान् थपि दिया कैल्ह्यै नखोस्न्या गरी।

६

चालीस् वर्ष भयाँ म पुत्र पनि एक् मात्रै छ आठ् वर्षको,
आयो काल् व्रतबन्धको गरुँ कसो वेला त हो हर्षको।
क्याँरूँ नाथ म ता पऱ्याँ फजितिमा एक्लो आहाँ छू फगत्,
कुन् पाठ्ले व्रतवन्ध पार् गरुँ भनी देख्छू अँध्यारो जगत् ॥
गायत्री दिनु बाबुको छ अधिकार् दीक्षा दिनू माइको,
वालक्ले पनि वेद् पढीकन सुसार् गर्नू गुरू गाइको।
यस्तो मुख्य वखत् छ यो अरु छ कुन् काम् पार् लगाई दिन्या,
धेरै बिन्ति कती गरूँ चरणमा एकै कुराले छिन्याँ ॥
स्वामित् आज् हजुर्हरू पृथिविमा मालिक् छँदामा पनी,
ब्राह्मण्को व्रतवन्ध अड्कन तयार् देख्याँ र मालिक् भनी।
जाहीरात गऱ्या प्रभू चरणमा जो मर्जि होला भनी,
कण्ढैसित् भनि मर्जि हुन्छ त भन्या क्याँरूँ सहन्छू पनी ॥

७
शरिर छ अति कच्चा अन्न-जल्ले रह्याको
विनति कति गरूँ यो देहमा जो भयाको।
बहुत फजिति पाञाँ रोगले ग्रस्त पारी
शरिर हुन गयो ठिक् पूर्व झैं फेरि भारी ॥
व्यर्थैमा म कुमारिचोक थुनिञा वाहीं बिरामी भई
आयाध्याँ घरमा बिराम् अति बढ्यो ठूलो विपत्ती सही,
काट्याँ दिन् अब सञ्च भो अझ पनी थुञ्छन् त मेरो गती,
आर्को छैन दया रहोस् हजुरको मेरा त ख्वामित् पती ॥

८
साँचा हुन् जति लेखिया सव कुरा आफ्नू व्यहोरा दरी,
ई कूरा त अइन् सवाल रितले स्रेस्ता प्रमाण्ले गरी।
साबीतै ठहरेन पो पनि भन्या यस्मा अइन्मा जती,
तोक्याको छ गुना हजार तिरुँला राख्वैन एक्दाम् रती ॥
यस्भन्दा अरु पत्र पात्र पनि छन् भोग् छन् दशी छन् सही,
श्रोता साक्षि कुरा कहानि पनि छन् मेरा सनद् छन् कहीं।
गर्न्या छैन उजुर् गऱ्याँ पनि भन्या झुट्टा गराईदिनू
सर्कारमा इजहार् दिञा खुसि भई यो झेल् कसोरी छिनू ॥

९
न मृत्यु टर्न्या हो यसरि झगडामा अघि सरी,
न कोटिन्को मालिक् हुनु छ घरमा दौलथ भरी।
बिहक्मा दिन् जान्छन् तब मन बुझाऊँ म कसरी,
कृपा राखी ख्वामित् अब छिनिदिनोस् हुन्छ जसरी ॥

१०

बिन्ती डिठ्टा विचारीसित म कति गरूँ चुप् रहन्छन् नबोली।
बोल्छन् ता ख्याल् गऱ्या भैं अनि पछि दिनदिन् भन्दछन् भोलिभोली।
की ता सक्दीन भन्नू कि तब छिनिदिनू क्यान भन्छन् इ भोलि।
भोलीभोली हुँदैमा सब घर बितिगो बक्सियोस् आज झोली ॥

११

असल् मुङ्ग्रे केरा कि त महि हवस् बेस अमिलो
कि ता सेता मूला कि त बरु हवस् साग उसको।
असल् हुन्थ्यो धूप्मा नतर यसरी खानु कसरी।
भुटी ल्यायौ थाल्मा मकइ तिमिले क्याँन यसरी ॥

१२

गजाधर् सोतीका घर बुढि अलक्षिन्कि रहिछन्,
नरक् जानालाई सवसित विदावादि भइछन्।
गयौं साँज्मा तिन्का घर पिंडिमाँहाँ वास गरियो,
निकालीन् साजैमा अलिक पर गुज्रान गरियो ॥

१३

ति शालीवाहन्का समय षडत्रिंशत् भइकन
अनी आषाढ् मास्को दिन पनि उनन्तिस् गइकन।
घडी एक्तिस्माहाँ विघटि पनि बत्तिस् परिकन,
नवांशक् कण्ठीरव् धनुष परि जो वेस लगन ॥
मिथुन्मा सूर्यै छन् गुरुनिलय मीन्का विधु पनी,
महीसुत् वुध् राहू शशिसदनका इ तिन पनी।
गुरू भाग्यस्थान्का रविभवनमा गैकन बस्या,

भृगूजी ता आफ्नै सदन वृषमा गैकन पस्या।
मकर्मा सौरी छन् ध्वजसहितका स्वग्ग्रिहि यहाँ,
वतायाका क्रम्ले ग्रहहरु वस्या कुण्डलिमहाँ ॥

१४
खर् अक्षर् पर भै विसर्ग तिमिले क्याले गऱ्यौ लोप् भनी,
कस्ता पण्डित ह्वौ भनेर चिठिमा लेखी पठायौ पनी।
खर् अक्षर् पर भै विसर्ग तिमिले पो लोप् गऱ्यौ देखियो,
यस्तै काम् गरि हिँड्दछौ र तव पो उल्लू भनी लेखियो ॥
पैले दाङ् गइ एक् विवाह गरियो भन्न्या पनी लेखियो।
फेर् तेसै चिठिमा म मर्छु कहिले भन्न्या पनी देखियो।
आयूको त विचार् विवाह नगरी पैल्ह्ये उचित् हो लिन्या,
उल्लू ह्वौ तिमि उल्लुलाइ अहिले कुन् उत्तरा हो दिन्या ॥

१५
विर्के टोपी पठाऊ भनि खबर हुँदा भेजियाको त टोपी
माथ्मा राख्ता त सानै भइगयछ अहो! क्या भयो टूपि छोपी।
तस्मात् त्यो टोपि हाम्रा घर दिन् वढिया टोपि आर्को पठाई,
नानी खूसी गरम्ला मुख गरि हँसिलो लाउला माथ् अटाई ॥

१६
भाषा श्लोक् भनु ता अवश्य अरु ता बुझ्दैन कोई पनी,
संस्कृत् हुन् भनु ता इ शास्त्रिहरुता धेर् छन् अशुद्धा भनी।
भन्छन् आज ठिमाहका गणितमा तिम्रा शिलोक् ई गया,
भाषा श्लोक बनाइ राख तिमि नाक् बुद्धी र बर्गत् भया ॥

१७

जस्द्वारा जसले जहां जसरि जो गर्छन् त जुन् जुन् घरी,
उस्द्वार उसको वहां उ फलभोग् छुट्‌तैन कस्तै गरी।
प्रारब्धै वलवान् छ सर्व जनको प्रारब्ध-भोग् गर्दछन्,
आफ्नू काम छिपाइ दोष्कन दिन्या व्यर्थै नरक् पर्दछन् ॥

१८

न पोथी पात्रा छन् न कलम मस्यानी छ सँगमा,
सधैं हुक्का नारी थरकि फिंजि खेल्छौ चयनमा।
कती विर्ता तिम्रो कति छ धन दौलथ् यस घरी,
उडायौ आर्ज्याको जति अब गया वाबु त मरी ॥

१९

ढीटा छन् सब् कुरा पूरा छोरा धेर् जसका तिनै।
धनी छन् धनले क्यार्नू भन्दैछन् अघिका बुढा ॥
ढीटा भञ्छन् त क्या भैगो सज्जन्का अघि बातमा।
बक-बक्-बक्-बक् त जो गर्छन् मूर्खै हुन् ति भनुन् बुढा ॥

२०

केश् कञ्चेट् कुहुनू कपाल् र कलेजो काखी करङ् कन्सिरी,
कान्यागूजि र कुर्कुचा कटि र कान् कम्मर् र कापा पनी।
कान्छिउम्लि र काँध कुम् पनि भया कण्ढो र कोखो समेत्,
कम्पारो जियमा कदेखि उठन्या बिस्थोक् इनै हुन् बुझ ॥

२१

मास् भृङ्गी बेल दूभो बयर धतुरो तूलसीका अपाङ्का

बीहींका पात् शमीका करविर असऊ आँक गुम्पातिका पात् ।
विष्णूकान्ता र दारिम् सुरतरु र कुरो सिन्दुऱ्याका जयन्ती
फुल्कागीँ देरिका पात् लिनु बटुलि गणेश्चौथिका दीनमा साथ् ॥

२२
पाँच् तोला घिउ गाइको र खसिको बोसो समानै लिनू,
चिउरीको घिउ सोहि भाग करुवा तेल् भाग सोही दिनू ।
सोइ भाग् कागति-रस् मइन् सब समान् तूथो र गन्धक् अनी,
फुस्रो सिन्दुर गेरु औषध इ चार् पाँच् पाँच मासा पती ॥
चार् चीज् ती पछिका पिनेर मइदा पारेर सिन्दूर सरी,
आदीका सव चिज् पगालि हुँडली त्यो चूर्ण ताहीं छरी ।
लाऊ दाद-दिनाइ गैह्न खटिरा जूका र डांस् मोस्हरू,
जो जो छन् विषजातिको विष लिन्या छैनन् उपायी अरू ॥

२३
पढ्नु गुन्नू खेल्न माया नगर्नु,
चर्चो गर्नु लक्ष्मि-बारी-डिहीको ।
ढीटो हुनू इष्ट-सङ् बात गर्दा,
हुनु टाठो जाङ्ग्रिलो काम पर्दा ॥

२४
कतै खरानी छरि भुस् कतै ता,
कतै कसिङ्गर् कनिका कतै ता ।
सुत्न्या दिनैदिन् इलमै बिगारी,
तेस्लाइ ता भन्नु सुँगुर्नि नारी ॥
झार्दी न लिप्ती मइली छ धेर,

गर्न्या कुरा थेर् घर-घर् डुलेर
राख्न्या ति भाँडा सब नील पारी,
यो चाँहि हो खास कुकुर्नि नारी ॥

२५
तिन् सात् एग्घार पन्ध्रै कउडि खडि भया दाउ त्यो हुन्छ तीया,
चार् आठ् बाह्रै र साह्रै चित घवट जउन् होस त्यो हुन्छ चौका।
एक् पाँच् नौ तेह्र ठाडा बुझिलिनु यिनको दाउ पञ्जा छ पक्का,
दुईटा वा छ ओटा दश चउध खडा कौडि हुन्छन् त छक्का ॥

२६
तान्यो एग्घारबाटै पनि उँडि बहुतै चक्किले दिग् गरायो,
एक्छिन् पाशा विचार्‍याँ उहिं पनि गइ झन् आउन्या आश् हरायो।
छक्का लिम् पर्छ चौका यहि रित हुन गो चक्कि पाशा छरूवा,
खेल्दामा साठी हार्‍याँ दिन पनि सकियो आज भय्यो हरूवा ॥

२७
क्या लड्छन् बटई र तित्रि चखुरा साँडे पहल्मान्हरू,
अर्ना भैंसि र सिंह हात्ति कुखुरा लड्छन् ति एक्छिन् बरू।
राज्ज्यैको थप गर्न मन्सुव हुदा लड्छन् कि राजाहरू,
की ता स्वामिनिमित्त नित्य घरमा लड्छन् इ सौताहरू ॥

२८
विन्ती एक म गर्दछू सुन प्रिये प्रीती निरन्तर् रहोस्,
ताँहाँको मन पिञ्जरा म मुनियाँ यै चाल् सदाकाल् रहोस्

तिम्रो त्यो मुखचन्द्र झल्कि मनमा तेस्ले उज्यालो गरी,
शीतल् गर्नु उचीत हो अधिक ताप् गर्दो छ सूर्ये सरि।

२९

विद्वान् जन्ले लोहलाइ बेच्नु छैन,
भन्दा सुन्थ्याँ यो कुरो हो कि हैन।
लोहा बेची मोल क्या लीनु होला,
खड्गै-पूजा-निम्ति यो दीनु होला ॥

३०

स्वस्तिश्री पखरा-अदालतमहाँ डिट्ठा विचारीहरू
पाऊमा परि बिन्ति गर्छु अहिले बेरामि छू क्या गरू
मेरो म्याद रहोस् सकीन अहिले आऊँन यो म्यादमा,
गर्न्याछू वकपत्र येहि मितिले एक् मासका भित्रमा ॥

३१

आयेध्या मतका कुरा चरणमा झीजो गरम् क्वै भनी,
दर्शन् पाइन फर्कि जान्छु अहिले हाँजिर् जनाई अनी।
हींड्या घर्-तिर आज ता, घर पुगी फर्केर आई अब,
गन्थन् ई मनका कुरा चरणमा बिन्ती गरूँला सब ॥

३२

भर्-जन्म घाँस-तिर मन्-दिई धन् कमायो,
नाम् क्यै रहोस् पछि भनेर कुआ खनायो।
घाँसी दरिद्र घरको तर बुद्धि कस्तो!
मो भानुभक्त धनी भैकन आज यस्तो ॥

मेरा ईनार न त सत्तल पाटि क्यै छन्।
जो धन् र चीजहरु छन् घरभित्र नै छन्।
त्यस घाँसीले कसरी आज दिएछ अर्ति,
धिक्कार हो मकन बस्नु नराखि कीर्ति ॥

३३
मानुङ्को सरि गाउँ उत्तम ठुलो लागेन काँहीं पनी,
वास्नालाइ रमाइला अति चिसो आऊँछ हावा पनी।
घर्मा नै बसि फेर् हिमालयजिको बाराहिजीको पनी,
शुक्ला दक्षिण तर्फ उत्तर दिशा माहेन्द्रि दर्शन् पनी ॥

३४
ख्वामित् यस् गिरिधारिले अति पिर्‍यो व्यर्थै गर्‍यो झेल् पनी,
यस्का झेल उतार्नलाइ सजिलो यै हो व्यहोरा पनी।
ख्वामित्लाइ चढाउँनाकन यहाँ क्यै श्लोक् कवीता गर्‍याँ,
मेरा श्लोक् सुनिबक्सियोस् त झगडा छीनिन्छ पाऊ-पर्‍याँ ॥
बीस् साल्सम्म त ज्यान त्यान यहिं वाँद् लाग्यो र खेत् रोपिया,
यो साल् बाँद् पनि खोलिएछ जलले ढुङ्गा सबै छोपिया,
ढुङ्गा खोजि लगाउँ बाँद कसरी राख्तैन ढुङ्गा पनी,
मानिस् पस्न त क्वै सकेन जलमा स्वात्तै बगम्ला भनी ॥
अर्ज्याल् भाट ढकाल् अचार्ज इन चार् जम्मा भई सब् बस्यौं,
मील्यो मत् सब मोहिको र मतले बाँद् लाऊनामा पस्यौं,
उस् मौका गिरिधारि एहि पनि भाट् सल्लाहमा नै थियो,
भर् यस्को नभएर मात्र अहिले यस्तो उजुर् पो दियो ॥

३५

लुच्चा हुन् यस भाटका सब कुरा आँफै कुला मूनिकै,
खेतैलाइ त टापु भन्दछ भन्या यस् भाटको क्या सही ॥

३६
अघिल्ला जन्मैका पनि शरिरमा पाप् कति हुनन्
अनी फेरी ञाहाँ अभ्क अरु थपीन्या पनि हुनन्
भनी सुद्धी राख्न्या जनहरु दयाले तरि-लिनन्,
मिचाहा जो जो छन् यमपुरि गई खुप्सित रुनन् ॥
मिचाहा को को छन् भनिकन विचार् गर्नु जनले,
हरीको विश्वासै नगरि हिंडन्या मूर्ख मनले ॥

३७
क्वै उठ्छन् त सबेरमा ति धनकै खाँतीरका काम् लिई,
दौड्याका परदेश घर् घर धनै-वृद्धी विषे मन् दिई ।
धन् ठूलो बुझि धर्म छोडि पनि धन् घर्भित्र भर्छन् ञहाँ,
सब् छोडी मरि जानु पर्दछ नरक् चेत्नन् अनी पो वहाँ ॥

३८
यत्ती छन् सब देवता भनि यहाँ गन्नै नसक्नू भई,
याहीं छन् सब तीर्थ पाप् हरि दिन्या जानू नपर्न्या कहीं ।
ई नेपाल्-सरि पूण्य भूमि त अहो देखीन मैले कतै,
आर्या-तीर्थ-मरण् छ मुक्ति दिनमा तत्पर् खडा छन् शिवै ॥
माया ईश्वरकी जगत् कि जननी श्री गुह्यकाली पनी,
आफ्ना भक्त उपर् कृपा गरु भनी ताहीं बस्याकी पनी ॥

३९

क्याले भुल्छौ जगत्मा नरहरु बहुतै दुःखले पक्रिएका,
सब्का शिर्माथि लाठी दिन-दिन यमका वज्र नै टक्रिएका।
देख्छौ सुन्छौ कहन्छौ अभ्क हरि नभजी वित्तमै चित्त लायौ,
ताप् होला खुप् मरण्मा हरि भज नभजी व्यर्थ सब् दिन् बितायौ ॥